हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

बर्ष : ०१ अंक : ५६ पृष्ठ : ४ २०७७ भदौ २४ गते बुधबार (Wednesday 9 September 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

ADMISSION OPEN
For Grade
XI & XII
Science & Management
LAHAN PARAGON PUBLIC SCHOOL
Hospital Chowk Lahan, Siraha
Contact : Principal 9852830551

*उत्तरवर्ती दुर्गम गाउँको पीडा*

## जग्गा सिरहामा, तिरो उदयपुरमा





**लहान ।** सिरहाको उत्तरवर्ती चुरे क्षेत्रका तीन दर्जन भन्दा बढी बस्तीका वासिन्दा जग्गाको लगत कट्टा नहुँदा उदयपुरको रिश्कु र पञ्चावती पुगेर मालपोत रकम तिर्न बाध्य छन् । उदयपुर जिल्लामा जग्गाको लगत कायम भएकै कारण धितो राखेर बैंकिङ्ग कारोबारबाट समेत उनीहरू वञ्चित छन् । सिरहाको उत्तरवर्ती विकट चुरे क्षेत्रमा सर्रेअम्बास, चट्टान, मैनामैनी, चकमके, हात्तीढुंगा, खुट्टि, मड्यान, भसुवा, भमरे, रूम्जाटार, बरदमार, आरिदमार, मैनाटार लगायत तीन दर्जनभन्दा बढी बस्ती छन् । पहिला उदयपुरको रिश्कु गाविस–३ र पञ्चावतीको ९ नम्बर वडा रहेको ती क्षेत्र सरकारले २०३२ मंसिर ७ गते राजपत्र प्रकाशन गरि सिरहामा गाँभेको थियो ।

सिरहामा गाँभेपनि जग्गा धनीपुर्जाको लागत कट्टा गरि नपठाएकै कारण स्थानीय पाँच घन्टा पैदल हिडेर बर्सेनी तिरो तिर्न बाध्य छन् । सर्रेअम्बास, चट्टान, मैनामैनी, चकमके, हात्तीढुंगा, खट्टी, मड्यान लगायत डेढ दर्जन बस्ती धनगढीमाई नगरपालिकाको १४ नम्बरमा पर्छन् । भसुवा, भमरे, रूम्जाटार, बरदमार, आरिदमार, मैनाटार लगायत दर्जनभन्दा बढी बस्ती लहान नगरपालिकाको १६ नम्बर वडा पर्छन् भने बेतहा लगायत गाउँ लहान नगरपालिकाको १५ नम्बर वडामा पर्दछ । ती क्षेत्रमा ५ सय विघाभन्दा बढी जग्गा नम्बरी छन् । 'गाविसबाट नगरपालिका भईसक्यौं' सर्रेअम्बासका कटक बहादुर कार्कीले भने 'तर, जग्गा सिरहामा आएन, पाँच घन्टा पैंदल हिंडेर सास्ती भोग्दै बर्सेनी तिरो तिर्न अझपनि गइरहनुपर्छ ।' कार्कीको नाममा तीन विघा जग्गा छ । गाविसदेखि नगरभइसक्दा जनप्रतिनिधि, मालपोत हाकिमदेखि सिडिओसम्मलाई जग्गाको लागत्त सिरहातर्फ ल्याईदिन आग्रह गरेपनि कुनै सुनुवाइ नभएको उनले दु:खेसो पोखे ।

'तीन विघा जग्गा छ, बैंकमा धितो राखेर व्यापार व्यवसाय गर्नखोजेपनि दुई जिल्ला धाउनुपर्दा झण्झटिलो प्रक्रियाकैं कारण बैंकिङ्ग सुविधाबाट वञ्चित भएका छौं' सर्रे अम्बासका भीमलाल गिरिले भने । प्रदेशको वर्गीकरणमा सिरहा २ र उदयपुर १ नम्बरमा परेकाले प्रादेशिक नीतिले अप्ठयारोमा परिन्छ कि भन्ने पीरलो स्थानीयमा परेको छ । स्थानीयका अनुसार सर्रे अम्बासमा मात्रै ९४ बिघा जग्गा व्यक्तिका नाममा दर्ता छन् । त्यसैगरि लहान नगरपालिका क्षेत्रमा परेको भसुवा, भमरे, रूम्जाटार लगायत क्षेत्रमा २ सय विघाभन्दा बढी जग्गा व्यक्तिका नाममा दर्ता छन् । त्यस क्षेत्रका वासिन्दा बर्सेनी उदयपुर पुगेर जग्गाको कर तिर्छन् ।

**दुर्गम गाउँका दु:खैदु:ख**

जिल्लाको उत्तरवर्ती विकट चुरे क्षेत्रका ती बस्ती धनगढीमाई र लहान नगरपालिका बनिसकेपनि बाटघाटो, खानेपानी, बिजुली, सञ्चारमात्र होइन आधारभूत स्वास्थ्य सेवाबाट समेत वञ्चित छन् । धेरैजसो खोलानाला पर्ने ती वडा वर्षायाममा तीन महिन बजारसँग सम्बन्धविच्छेद हुन्छ ।

'मोबाइलमा समेत नेटवर्क हुँदैन' स्थानीय गोपाल थापामगरले भने 'वर्षायाममा हामी अन्धकारमैं हुन्छौं, बजारसँग समेत सम्पर्क हुँदैन ।' ती क्षेत्र बासिन्दा सामान्य हात, खुट्टा काटिंदा र शरीरमा अन्य चोटपटक लाग्दासमेत उपचारका लागि चार घण्टा पैदल हिंडेर धनगढीमाई नगरपालिकाको १२ र लहाननगरपालिकाको १७ नम्वर वडास्थित स्वास्थ्य चौकीमा पुग्नुपर्छ ।

सुख्खायाममा चार घन्टा पैंदल हिंडेर जसोतसो उपचार सेवा पाए पनि वर्षायाममा खोलामा बाढी आउँदा भने उनीहरू उपचारबाट पूर्णरूपमा

बाँकी ४ पेजमा

श्री पशुपति आर्दश मा.वि.
लहान मटियर्वा–७, सिरहा
भर्ना सम्बन्धी सूचना
कक्षा १ देखि ९ सम्म र कक्षा ११ का सबै बिषयमा नयाँ भर्ना खुलेको हुँदा भर्ना गराउन हुन सम्पूर्ण विद्यार्थी, अभिभावकज्यूहरुमा यसै सूचनासाथ अनुरोध गरिन्छ । बिहान ७:०० बजे देखि ११:०० बजे सम्म विधालय प्रशासन मा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ !
संकायहरु
१) विज्ञान संकाय २) वाणिज्य संकाय
३) शिक्षा संकाय ४) मानविकी
- ग्रामीण विकास र कम्प्यूटरको विशेष व्यवस्था छ ।
- पाठ्यपुस्तक पनि वितरण हुनेछ ।
समय : विहान ६:०० – १२:०० बजे सम्म
सम्पर्क नं.
प्र.अ. ९८४२८२७८६७ स.प्र.अ. ९८५२८३२३६९
श्री प.आ.मा.वि. लहान ☎०३३–५६०२१३

## मृत अवस्थामा फेला

**लहान ।** सिरहाको मिर्चैया नगरपालिका–६ मा मंगलबार बिहान एक महिला आफ्नै घरमा मृत अवस्थामा फेला परेका छन् ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार मिर्चैया नगरपालिका–६ का प्रमोद पुर्वेको श्रीमती ३५ वर्षीया रीना देवी पुर्वे आफ्नै भुइतले पक्की घरको कोठामा भित्रबाट चुकुल लगाएको अवस्थामा भुईमा मृत भेटिएकी हुन् ।

इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रहरी नायव उपरिक्षक सन्तुलाल जैशवालले मृत्यु घटना शंकास्पद भएकाले घटनाको थप अनुसन्धान भइरहेको जानकारी दिए । घरभित्र भुईमा महिला मृत अवस्थामा लडिरहेको खबर पाएपछि इलाका प्रहरी कार्यालय मिर्चैयाको टोली घटनास्थलमा पुगेको थियो ।

भित्री पृष्ठमा

विश्वेश्वरप्रसाद कोइराला, काग्रेस र चिन्ता
पेज २ मा
बिपी : महानताका प्रेरणादायी क्षणहरु
बिपी कोइराला र समाजवाद
पेज ३ मा
स्थानीय तह विकासमा सहकारीको भूमिका कति ?
स्तम्भ : पालिका बहस
पेज ४ मा



फ्रेन्डस मोडल हसिपटल, लहान–३
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्ट इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## बिपी विचारलाई अनुशरण गरौं

व्यक्ति यस धर्तीमा पदार्पण भएपछि न्यूनतम आधारभूत आवश्यकता गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र सुरक्षा पाउनु उसको नैसर्गिक अधिकार हो । व्यक्ति जुन देशको नागरिक हो उसले त्यस देशमा स्वतन्त्रतापूर्वक आफ्नो व्यक्तित्व विकास गर्न पाउनुपर्दछ । जुनुसकै जाति, धर्म, लिंग, वर्ण र संस्कृतिको व्यक्ति भए पनि उसले स्वतन्त्रता र सम्मान पाउनु उसको अधिकार हो । यस किसिमको आचरणहरु मूलत : लोकतान्त्रिक समाजवादमा मात्र सम्भव छ भन्न सकिन्छ । खास गरेर लोकतान्त्रिक समाजवादलाई नेपालमा लोकप्रिय बनाउने राजनीतिज्ञको रुपमा बिपी कोइरालालाई मान्नुपर्छ । अर्को शब्दमा भन्नुपर्दा, लोकतान्त्रिक समाजवादको विचारलाई बिपी कोइरालाले जनताका नाममा छोड्केो नासोको रुपमा पनि लिन सकिन्छ ।

लोकतान्त्रिक समाजवादको आदर्शलाई सदैव उनले जनताका माझ पुर्‍याउने प्रयत्न गरिरहे । अनेकौं लेख र भाषणबाट उनले लोकतान्त्रिक समाजवादको आफ्नो विचार नेपाली जनता साबमु पेश गरेको दस्तावेजहरु हाम्रा सामु ताजै छन् । बिपीले दिएका तत्कालीन परिस्थिति अनुरुपको लोकतान्त्रिक समाजवादको विचारलाई वर्तमान अवस्थामा पनि परिमार्जन र परिस्कृत गर्दै व्यवहारमा उतार्न सकिने प्रसस्त सम्भावनाहरु देखिन्छन् । बिपीले विशेषागरी समाजवादका दुई वटा बाटाहरु राजनीतिक स्वतन्त्रता र अर्को आर्थिक समानता देखाएका थिए । समाजवादमा मूलतः नागरिकको व्यक्तिगत स्वतन्त्रतालाई ग्यारेन्टी गरिनुपर्ने प्रति उनको विशेष जोड थियो ।

१९ औं शताब्दीको औद्योगिक क्रान्ति र २० औं शताब्दीमा भएका दुई महायुद्धपश्चात बिपी कोइरालाले नेपालको परिस्थिति सुहाउँदो समाजवादको परिभाषा दिँदै समाजवादी कार्यक्रमहरुलाई अघि सारेका थिए । बिपीले प्रत्येक नेपालीको आधारभूत आवश्यकताहरु जस्तो कि एउटा सानो घर, एउटा दुहुनो गाई, एकहल गोरु, छोराछोरीलाई उचित शिक्षा र बिरामी पर्दा स्वास्थ्योपचारको व्यवस्था आदि योजनाको तर्जुमा गरेका थिए । यी योजनाअनुरुप बिपीको विचार बोकेर हिंडेको लोकतान्त्रिक पार्टीले उनका ती योजनाहरुलाई व्यवहारमा उतार्दै आएको भए नेपाल र नेपाली जनताको यो हविगत हुँदैनथ्यो भन्न सकिन्छ । वर्तमान परिप्रेक्ष्यमा हेर्ने हो भने नेपाली जनताबीचको आर्थिक खाडल यति ठूलो छ जुन कहालीलाग्दो छ । कतिपय नेपाली नागरिक जो एउटा सिटामोलको ट्याबलेटको अभावमा मृत्युवरण गर्नुपर्ने बाध्यता र एक छाक खाएपछि अर्को छाक खान नपाई भोकभोकै बस्नुपर्ने अवस्थामा छन् भने कतिपय देशभक्त नेपाली भनाउँदाहरु ठेस लाग्दा पनि थाइल्याण्ड, बेलायत, सिंगापुर, अमेरिकाजस्ता देशमा उपचार गर्न जानेहरु छन् । वास्तवमा बिपीले तर्जुमा गरेको समाजवादी कार्यक्रमहरुलाई हामीले अपनाउँदै आएको भए देशमा गरिब र धनीबीच यस किसिमको भयावह आर्थिक खाडल हुँदैनथ्यो भनेर प्रष्ट भन्न सकिन्छ ।

बिपीको जयन्तीको अवसरमा सम्पूर्ण समाजवादी र लोकतन्त्रवादी शक्तिहरु विशेष कांग्रेसका नेता, कार्यकर्ताले बिपी कोइरालाका विचारहरुलाई कागजका पन्नामा र भाषणमा मात्र सीमित नराखेर व्यवहारमा उतार्नुपर्ने आवश्यकता छ । बिपी कोइरालाको जयन्ती एक–दुई दिन मनाएर मात्र बिपी कोइरालाको सम्मान भएको ठहरिदैन । त्यसको लागि वर्षदिनभरि नै बिपीको विचारलाई माध्यम बनाएर समयअनुरुपको योजना तर्जुमा गर्दै व्यवहारमा लागू गर्नुपर्दछ तब मात्र समुन्नत र समृद्ध नेपालको निर्माण हुनसक्दछ ।

# विश्वेश्वरप्रसाद कोइराला, कांग्रेस र चिन्ता



**धरणीधर अधिकारी**

**सन्दर्भ बिपी जयन्ती**

विश्वेश्वरप्रसाद कोइराला भन्ने बित्तिकै नेपालका पहिलो जन निर्वाचित प्रधानमन्त्री, नेपाली कांग्रेसका नेता, चिन्तक, विचारक भन्ने दृष्टिकोणबाट उनको परिचय सुरु हुन्छ । पिता कृष्णप्रसाद कोइराला र माता दिब्या कोइरालाका जेष्ठ सुपुत्रका रूपमा उनको जन्म वि.सं १९७१ भाद्र २४ गतेका दिन उनको जन्म भएको थियो । पिता कृष्णप्रसाद राजनैतिक र सामाजिक अभियन्ता थिए । उनी राणा शासन विरूद्ध लागेकाले राणा शासकले उनको सर्वस्व हरण गरेकाले भागेर निर्वासित जीवन बिताउनु परेको थियो तथापि राणा विरूद्ध निरन्तर संगठन गरिरहे । विश्वेश्वरप्रसाद कोइराला पिता कृष्णप्रसाद, तत्कालिन भारतीय स्वतन्त्रता संग्रामका नेता माहात्मा गान्धी तथा मार्क्सवादी दर्शनका प्रणेता एवं विश्व कम्युनिष्ट नेता कार्ल मार्क्सबाट प्रभावित थिए । तसर्थ उनको विचारमा कतै गान्धी प्रभाव त कतै मार्क्सको विचारले प्रधानता पाएको देखिन्छ ।

विश्वेश्वर र कोइराला परिवारको योगदानलाई यो सानो आलेखमा अटाउन खोज्नु अत्यन्त गाह्रो काम हो तथापि आज उनको जन्म जयन्तीमा उनलाई नसम्झिनु भनेको उनी माथिको घोर अन्याय हुनेछ । विश्वेश्वरप्रसाद कोइरालाको मात्र हैन नेपालको राणा शासन र राजा महेन्द्रद्वारा जबरजस्त रूपमा लादिएको पंचायती व्यवस्थाको शासनबाट नेपाली जनतालाई मुक्ति दिलाउन कोइराला परिवारको महत्वपूर्ण योगदान रहेको छ । विश्वेश्वरप्रसाद, गिरिजाप्रसाद कोइराला र सुशील कोइरालाको विभिन्न काल खण्डानुसार नेपाली लोकतन्त्रमा आ-आˆनै किसिमको महत्व र योगदान रहेको हककंदा नेपालको राजनैतिक इतिहासमा स्वर्णाक्षरले लेखिएको छ ।

यसो भन्दै गर्दा कोइराला परिवारको पक्ष पोषण होइन उनीहरूको योगदानको चर्चा गरिएको हो । विश्वेश्वरको सम्पूर्ण जीवन संघर्ष मै बित्यो मध्यम बर्गीय परिवार भए पनि उनका पिताजीको निर्वासन र तत्कालिन राज्यद्वारा सर्वस्वहरण भएका कारण सर्वाहारा जीवन व्यतित गर्नु कोइराला परिवारको बाध्यता बनेको थियो । तर पनि किन्चित बिचलित नभइकन अनवरत रूपमा देश र जनताकालागि उनीहरू लडिरहे । विश्वेश्वरप्रसाद मात्रै हैन गिरिजाप्रसाद र सुशील कोइरालाको जीवन शैली पनि अत्यन्तै सरल थियो । आजका सर्वाहारा भनाउदा नेता तथा कार्यकर्तालाई यो चुनौति बनेको छ । विषम् परिस्थितीमा पनि प्रजातन्त्र प्राप्ति पछिको विसं २०१५ को संसदीय निर्वाचनमा नेपाली कांग्रेसलाई करिब सर्वसम्मत (दुई तिहाई भन्दा बढी) रूपमा विजयी गराउन सफल भए । त्यहि संसदबाट २२औं प्रधानमन्त्रीका रूपमा झण्डै १८ महिना सरकार संचालन गर्दा गर्दै, तत्कालीन राजा महेन्द्रको महत्वाकांक्षाका कारण विश्वेश्वरप्रसादको सरकारलाई अपदस्थ गरि नेपाली प्रजातन्त्रको घाँटी निमोठियो र सम्पूर्ण कोइराला परिवार भारत निर्वासित भए ।

सुरूमा निर्वासनमा रहेर नै पंचायत विरूद्ध आन्दोलन जारी राखे । कहिले सशस्त्र त कहिले शान्तिपूर्ण रूप हुँदै त कहिले मेलमिलापको नीति लिंदै स्वदेश मै रहेर पंचायत विरोधी गतिविधीलाई निरन्तरता दिइरहे । तर आन्दोलन कै क्रममा क्यान्सर रोगबाट पीडित भइ उनको वि.सं. २०३९ श्रावण ६ गते निधन भयो ।

तत्पश्चात् उनका समकालीन र सहपाठीहरू त्यागी नेता गणेशमान सिंह र सन्त नेता कृष्णप्रसाद भट्टराईका साथै उनकै अनुजद्वय गिरिजाप्रसाद र सुशील कोइरालाको काँधमा पार्टी नेतृत्व हस्तान्तरण भयो । यिनै नेताहरूको अगुवाइमा तत्कालीन नेकपा मालेसँगको सहकार्यमा २०४६ र ०४७ को जनआन्दोलनबाट पंचायतको अन्त्य गरि बहुदलीय प्रजातन्त्रको स्थापना गर्न सफल भयो । तथापि कांग्रेस पार्टी भित्रको आन्तरिक कलह, माओवादी आन्दोलन एवं तत्कालीन राजा वीरेन्द्र सहित उनका सम्पूर्ण परिवारको हत्या गरि भएको बिनासका कारण नेपाली राजनीतिको त्यो काल खण्ड पनि सफल हुन सकेन । वि.सं. २०५९ को राजा वीरेन्द्र र उनको परिवारको रहस्यमयी विनास पछि ज्ञानेन्द्र शाह नेपालको राजनीतिमा महत्वाकांक्षा सहित गद्दिसिन भए । उनको शासनकाल मै नेपाली कांग्रेस तत्कालीन नेकपा एमाले र तत्कालिन नेकपा माओवादी बीचको सहकार्य र सहभागितामा दोस्रो जनआन्दोलन २०६२ र ०६३ मा सफल भयो । गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा राजा ज्ञानेन्द्रले विघटन गरेको संसद पूनर्स्थापना गरि अन्तरिम संविधान निर्माण गरि संविधान सभाको निर्वाचन गरियो । पहिलो संविधान सभाको विफलता पश्चात् फेरि पनि दोस्रो संविधान सभाको निर्वाचन मार्फत सन्त नेता सुशील कोइरालाको नेतृत्वमा नेपालको संबिधान २०७२ घोषणा सहित लागू गरियो । यहाँसम्म नेपाली काँग्रेसको भूमिका विश्वेश्वरप्रसाद कोइराला र नेपाली लोकतान्त्रिक आन्दोलनका नेता कार्यकर्ताको इच्छा र सहिदहरूको सपना साकार पार्नमा सफल देखिन्छ । नेपालीले काँग्रेसको बाह्रौं महाधिवेशन र तत्पश्चात् गिरिजाप्रसाद कोइराला र वर्तमान कांग्रेसका सभापति शेरबहादुर देउवा तथा वरिष्ठ नेता रामचन्द्र पौडेल बीचको आपसी तिक्तता र गुटगत खिचातानीले कांग्रेस पार्टीले आम नेपाली जनमानसमा विश्वास गुमाउन थालेको मानिन्छ । यहि काल खण्डमा पार्टी एकता भएता पनि पूनः पूरानो घाउ ३६ र ७२ से को गुट उपगुटका कारण पार्टी स्खलित हुन पुग्यो । त्यसपछि अझै भनौं भने पार्टी भित्र पुराना, त्यागी, निष्ठावान् र इमान्दार नेता कार्यकर्ता बिस्तारै छेऊ लाग्दै गए र बिचार भन्दा पनि पैसावाला, व्यापारी, ठेकेदार, गुण्डा नाइके( डन), तथा भ्रष्टहरूको झुण्ड हुन पुग्यो नेपाली काँग्रेस । अझै तेह्रौं महाधिवेशनमा सभापतिका रूपमा शेरबहादुर देउवाको पदासीनता पछि नेपाली कांग्रेसले देश र आम जनतालाई अझै स्पष्ट दिशानिर्देश गर्न सकेन । फलस्वरूप २०७४ को गणतान्त्रिक संविधान पश्चात्को संघीय संसद, प्रान्तीय संसद हुदै गणतन्त्रको जरा मानिने स्थानीय निकाय( सरकार)को निर्वाचनमा लज्जास्पद पराजय व्यहोर्न पर्‍यो । तर पनि न त कांग्रेसी नेता कार्यकर्ताको चेत खुलेको छ न त सभापति देउवाको नै । नेपाली काँग्रेस १४ औं महाधिवेशनको संघारमा आइपुग्दा पनि न त वैचारिक रूपमा कुनै नयाँ आयाम थप्न सफल छ न त विश्वेश्वरप्रसाद कोइरालाद्वारा प्रतिपादित लोकतान्त्रिक समाजवादको नारालाई प्रभावकारी रूपमा कार्यान्वयन गरि सर्वाहारा गरिब, दलित, मध्यम वर्गीय एवं इमान्दार र निष्ठावान कार्यकर्ताको मन मस्तिष्कमा डेरा जमाउन असफल देखिन्छ । उल्टै हाल सम्म असफल नेतृत्वलाई नै स्थापित गर्ने ध्येयले महाधिवेशनको संघारमा कांग्रेसको संस्थापन पक्ष अनावश्यक पद र पुरस्कारको भागबण्डामा व्यस्त देखिन्छ । बरू त्यो उर्जा हरेक गाउँ नगरमा पार्टी संगठन बलियो बनाउन लगाओस् । वर्तमान नेकपाको झण्डै दुई तिहाईको असफल सरकारको भ्रष्टाचार, राज्यको ढुकुटीको दोहन, अपार सेवा सुविधाको वृद्धि, अनियमितता, संवैधानिक अंगमाथिको हस्तक्षेप र संविधानमाथिको निरन्तरको प्रहार आदिका विरूद्ध नेता कार्यकर्ता तथा आम जनतालाई सुसूचित गर्नमा लगाउनु पर्ने हो । आज जनता राज्यद्वारा प्रधान गरिनु पर्ने न्यूनतम् सेवा तथा सामाजिक सुरक्षा पनि नपाएर सडकमा रोदन गरिरहेका छन् । सरकार र नेतृत्व निरोले बजाए जस्तो हरदम बाँसुरी बजाइरहेको छ । अनि नेपाली काँग्रेस र यसको नेतृत्व त्यहि बाँसुरीको धुनमा तालमा ताल मिलाएर नांगो नृत्यमा व्यस्त छ । यसरी विश्वेश्वरप्रसादको सपना कदापी पुरा हुन सक्दैन । वीपीले त सधैं गरिब, दलित, सर्वाहारा र मध्यम वर्गको हितमा आˆनो राजनीतिलाई केन्द्रित गरेका थिए त । उनले वैदेशिक नीति र कुटनीतिलाई दुबै छिमेकी मुलुक र सबै मित्र राष्ट्रहरूलाई समदूरीमा राखेका थिए त्यो इतिहास पनि त जगजाहेर छ । खै त यता तिर आजको नेपाली कांग्रेस र नेतृत्वको ध्यान ? बाटो बिराएको नेपाली कांग्रेस बिपीले देखाएको रोडम्यापमा र समाजवादको सिद्धान्तलाई एक्काइसौं शताब्दी र नेपाली माटो सुहाउँदो समावेशी र सामाजिक उत्तरदायित्व सम्मत ढंगबाट अघि बढेमा अहिलेको राजनैतिक उर्वर परिवेशमा फर्किने प्रबल सम्भावना छ ।

तसर्थ संघारमा रहेको १४ औं महाधिवेशनबाट नेपाली कांग्रेसले बिपीको बिचारको अनुशरण गर्न सक्ने, सबै नेता कार्यकर्तालाई एक ढिक्का गरेर नेतृत्व गर्न सक्ने, आम नेपाली जनमानसलाई कांग्रेसको रोडम्यापमा डोर्‍याउन सक्ने, राष्ट्रिय अन्तराष्ट्रिय सम्बन्ध र कुटनीतिलाई मजबुत बनाउन सक्ने, जनताका इच्छा आकांक्षाको संबोधन गर्न सक्ने, दूरगामी भिजन भएको खरो नेतृत्व चयन गर्न सकोस् । आज विश्वेश्वरप्रसाद कोइरालाको जन्मजयन्तीको अवसरमा उहाँ प्रति हार्दिक श्रद्धा सुमन ब्यक्त गर्दै कांग्रेसी नेता तथा कार्यकर्ताको समयमा नै चेत खुलोस् भन्ने कामना गर्दछु । चेतना भया ।


**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

## सन्दर्भ बिपी जयन्ती

### स्व. गणेशमान सिंहको संस्मरणमा बिपी

# बिपी : महानताका प्रेरणादायी क्षणहरु

कोइरालाजीसँगको लामो सहवासमा उहाँलाई मैले ज्यादै नजिकैबाट हेर्ने सौभाग्य पाएँ । उहाँको बहुआयमिक व्यक्तित्व थियो । उहाँसँगको सहवासमा मैले जे-जति प्रेरणा र शिक्षा पाएँ त्यसलाई एउटा लेखमा लेखेर साध्य छैन ।



**स्व. गणेशमान सिंह**

उहाँ अत्यन्त साहसी, निडर, सही निर्णय लिन सक्ने, दूरदर्शी, ज्यादै लगनशील र महान् देशभक्त हुनुहुन्थ्यो । प्रजातन्त्र र समाजवादप्रति उहाँको दृढ आस्था थियो । नेपालमा प्रजातन्त्रको स्थापना गर्न उहाँले अथक प्रयास र ठूलो जोखिम उठाउनुभयो । प्रजातन्त्रका अगाडि अरू साना कुरा र विवादलाई उहाँले जहिले पनि तिलाञ्जली दिनुभयो ।

जब हामी भारतमैं पार्टी खडा गरेर त्यसैका माध्यमद्वारा नेपालमा प्रजातान्त्रिक व्यवस्था स्थापित गर्ने निर्णमा पुग्यौं, त्यसपछि पार्टीको नाम के राख्ने भन्ने कुरामा विवाद हुन थाल्यो । हामी काठमाडौंबाट गएकाहरूले 'प्रजापरिषद' नै राख्नुपर्छ भनेर जिद्धी गर्‍यौं । अरू साथीहरूको त्यसमा सहमति थिएन । कोइरालाजीले भन्नुभयो नाम जे राखेपनि हुन्छ, त्यसमा विवाद नगरौं । त्यो त्यत्रो विवादको विषय होइन । जे नाम राखे पनि ठीक छ । केवल राणाशाहीलाई हटाएर हामीले नेपालमा प्रजातन्त्रको स्थापना गर्नु छ ।

पछि त्यसको नाम 'राष्ट्रिय कांग्रेस' राखियो । पार्टी संचालनका निमित्त हामीलाई पैसाको ठूलो अभाव थियो । त्यसको निमित्त सुवर्णशम्शेर र महावीरशम्शेरसित किन सम्बन्ध नराख्ने भनेर त्यसको सिलसिलामा महावीरशम्शेरका साला सीबी सिंहसित सम्पर्क राख्यौं । उनले महावीरलाई भेट्टाइदिने भए । भोलिपल्ट कलकत्ताको अलिपुरमा गयौ । हामी केही टाढै बसेर कोइरालाजीलाई महावीरशम्शेरको घर देखाइदियौं । उहाँ भित्र जानुभयो ।

कोइरालाजीले महावीरलाई भेट्न आफू आएको खबर पठाउनुभएछ, तर घन्टौंसम्म पर्खिरहँदा पनि केही खबर नआए पनि उहाँ पर्खेरै बस्नुभएछ । त्यसपछि बल्ल सीबीले कोइरालाजीलाई भनेछन्– 'भिनाजु बाहिर सवारी हुँदै छ, त्यति बेलै भेट्नुपर्‍यो ।' अनि मोटरमा बस्न लागेका महावीरजीसित सीबी सिंहले कोइरालाजीको परिचय गराएछन् ।

'ओ, कोइरालाजी तपाई नै..। ल भैंगो, पछि म आफै तपाईलाई खबर गरेर भेटौला ।' यति भनेर महावीर मोटर चढेर गएछन् ।

हामी बाहिर पर्खिरहेका थियौं । कोइरालाजी आउनुभयो । 'के-के कुरा भयो ?' हामीले उहाँसित सोध्यौं । धेरै बेर पर्खेर पनि राम्रोसित भेटघाट र कुरा नभएको इत्यादि सबै कुरा उहाँले भन्नुभयो । हामीले भन्यौं-'यो त इन्सल्ट हो । त्यही पनि त्यतिबेरसम्म तपाई पर्खेर बसेको त..।' कोइरालाजीले भन्नुभयो– 'हामी एउटा ठूलो लक्ष्य लिएर अगाडि बढ्न लागेका छौं । त्यसैका सिलसिलामा कसैले एक–डेढ घन्टा पर्खायो भन्दैमा स्वाभिमानमा चोट पुग्यो भनेर फर्कने ? स्वाभिमानमा चोट त त्यसबेला पुग्छ, जब तपाईले आफ्नो व्यक्तिगत स्वार्थका निमित्त पर्खनुपरेको होस । हामीले अहिले कसले अपमान गर्‍यो, कसले हेला गर्‍यो भन्ने भावना राख्न थाल्यौं भने कसरी काम गर्ने ? तपाईले व्यक्तिगत फाइदाका निमित्त कसैसित खुसामद गर्नु हुँदैन, कसैसित झुक्नु पनि हुँदैन । तर देशका निमित्त तपाईले कसैसित झुक्न पनि पर्छ । आफ्नो सिद्धान्त र आदर्शका प्रति दृढ भएर रहन सकनौं भने मात्रै स्वाभिमानमा चोट पुग्छ । हाम्रो स्वाभिमान हाम्रो सिद्धान्त र आदर्शप्रतिको अडान हो । महावीरशम्शेरकोमा म व्यक्तिगत कारणले होइन, ठूलो उद्देश्यका निमित्त भेट्न गएको थिएँ । त्यसैले मलाई पर्खनुपरेकोमा केही लागेन ।

त्यसपछि हामी स्वदेश फर्केको पाँच–छ महिनापछि २०३४ साल जेठमा शीतलनिवासको प्रहरी हिरासतबाट कोइरालाजीलाई दरबारमा बोलाएर राजाबाट दर्शनभेट बक्स्यो । उहाँ फर्केर आएपछि उहाँसित राजाको कस्तो किसिमको कुरा भयो, राजाको के धारणा छ ? इत्यादि सोध्नुपर्नेमा मैले पहिले सोध्न पुगें-'कोइरालाजी ! तपाईलाई राजाबाट के भनेर सम्बोधन भयो ?'

उहाँले भन्नुभयो, 'तिमी भनेर गणेशमानजी ! म राजाबाट तफाई भनाउने मिसनमा गएको थिइनँ । म त सारा जनतालाई तपाई भनिनुपर्ने, देशमा प्रजातन्त्रको स्थापना हुनुपर्ने र देशलाई जोगाउनुपर्ने मिसनमा गएको थिएँ ।'

मैले करिब तीस वर्षअघि उहाँले महावीरशम्शेरलाई भेटेर आएपछि भनेको कुरालाई फेरि सम्झें । म अहिले सम्झन्छु, उहाँभन्दा म कति संकुचित रहेछु, कति सानो मान्छे रहेछु ।

हाम्रै पार्टीले चुनावमा बहुमत ल्याएर सरकार गठन हुने बेलामा कोइरालाजीले राजाको दर्शनभेट पाउनुभयो । त्यसबेला उहाँले राजासित भन्नुभएछ– 'भारतले चाहेको मान्छे यहाँ प्रधानमन्त्री भयो भने सानातिना कुराहरूमा पनि झन्झट परिरहन्छ । विकास कार्यमा पनि अवरोध आउन सक्छ । त्यसकारण सरकार, भारतले पनि मन पराएको र दरबारको पनि तौरतरिका जान्ने इमानदार व्यक्ति सुवर्णजीलाई नै प्रधानमन्त्री बनाइबक्सनुपर्छ कि मैले त दरबारको म्यानर पनि राम्रो जानेको छैन । त्यसले गर्दा सरकारमा गलतफहमी पनि पर्न सक्छ ।'

तर राजा महेन्द्रबाट 'होइन, अहिलेको स्थितिमा तपाईजस्तो डायनामिक मान्छे नै प्रधानमन्त्री हुनुपर्छ' भन्ने हुकुम भएछ । पछि यो कुरा सुनेपछि हाम्रो मिटिङमा सुवर्णजीले नै भन्नुभयो, 'बिपी ! यो कुरा तपाईले मान्नुभएन भने राजाको ठूलो इन्सल्ट गरेजस्तो हुन्छ । त्यसकारण तपाईले नै प्रधानमन्त्री बन्नुपर्छ ।'

हामी सबैले उहाँलाई प्रधानमन्त्री बन्न आग्रह गर्‍यौ । कोइरालाजी प्रधानमन्त्री बन्नुभयो ।

हाम्रो काम-कारवाहीबाट राजालाई कुनै प्रकारको गलतफहमी र नराम्रो धारणा नपरोस् भन्ने कुरामा कोइरालाजी सधै सचेत रहनुहुन्थ्यो । २०१७ पौष १ को घटनापछि पनि 'केही कुरामा हामीप्रति राजामा गलतफहमी भएको छ, तर के कारणले किन भएको

बाँकी ४ पेजमा

### स्व. कृष्णप्रसाद भट्टराईको संस्मरणमा बिपी

# बिपी कोइराला र समाजवाद

स्वर्गीय बिपीको समाजवादबारेको चिन्तन, प्रतिबद्धता र समर्पण कुनै एक दिनको अठोटको परिणाम होइन । यस्तो हुन सक्तैन । किशोरावस्थामै उहाँ आफ्ना अग्रज मातृकाप्रसाद कोइरालाका साथ भारतको बृटिश शासनद्वारा पक्राउ परी त्यहाँ थुनिनुभएको थियो । उहाँमाथि भारतीय क्रान्तिकारी आन्दोलनमा सामिल भएको आरोप लाग्यो । यी क्रान्तिदर्शीहरूको उद्देश्य सारा भारतीय उपमहाद्धीमा आतंकको सृजना गरि अंग्रेजलाई त्यहाँ शासन गर्न असम्भव पारिदिन थियो । केही कालको यातनापछि एकपटक रेलमा बम्बई जाँदा उहाँको भेट भारतीय कम्युनिस्ट पार्टीका संस्थापक अमृत श्रीपाद डांगेसँग भयो । उक्त अवसरमा लामो रेल यात्राका समय आफ्ना किशोर सहयात्रीहरूको परिचय पाएपछि उनले बिपीलाई अझै बढी सफलताका साथ विश्वव्यापी बृटिश साम्राज्यवादसँग संघर्ष गर्न वैचारिक विकास आवश्यक भएको र यसका लागि सैद्धान्तिक दृढता प्राप्त गर्न समाजवादी साहित्यहरू पढ्ने आवश्यकतामाथि जोड गरे । अहिले मैले हेक्का राखी भन्न सक्दिनँ, बिर्सेको हो कि ? उनले मार्क्सको क्यापिटल वा एंगेल्स र मार्क्सको कम्युनिस्ट मेनिफेस्टो कुनचाहिँ एक पुस्तक पढ्ने आग्रह गरे ।

**स्व. कृष्ण प्रसाद भट्टराई**

बम्बईबाट बनारस फर्केपछि उहाँले यो पुस्तक पढ्नु पनि भयो र यसरी समाजवादी समाज निर्माण गर्ने लक्ष्यपट्टिको उहाँको लामो वैचारिक यात्राको शुभारम्भ भयो । मार्क्सको समाजवाद पनि सयौं वर्षको विकासको परिणाम थियो र आफूभन्दा पूर्ववर्ती समाजवादीहरूलाई काल्पनिक भनेर आफूलाई मात्र वैज्ञानिक समाजवादको प्रणेता घोषित गर्ने मार्क्सले बुझेका थिए कि उनका सिद्धान्तहरूको विश्वलाई नै थर्काउनेछन् । त्यही कारण आफ्ना अभिन्न मित्र र आर्थिक सहायता दिने जर्मन संरक्षक एंगेल्स र स्वयं आफूले संयुक्त रूपमा लेखेको प्रथम र ऐतिहासिक पुस्तक 'कम्युनिस्ट मेनिफेस्टोको भूमिका'मा उनले स्पष्ट रूपमा यस कुरालाई भनेका छन् । सन् १८४८ सालमा प्रकाशित भएको यस समाजवादी गीताको दर्शनलाई कार्य रूपमा प्रमाणित गर्न स्वयं मार्क्सले एक संस्थाको निर्माण गरे जसको नाम 'सोशलिस्ट इन्टरनेशनल' पर्न गयो ।

**जयप्रकाशसँगको भेट**

विद्यार्थी जीवनमैं स्वर्गीय जयप्रकाश नारायणका एक मात्र भाइ जसको घरायसी नाम राजा थियो । उनी बिपीका सहपाठी थिए–जुन कारण काशी विश्वविद्यालयको होस्टलको कोठामा जयप्रकाश नारायण बराबर भेट्न आइरहन्थे । बिपीको पढाइको स्नातक तह सिद्धिदा सिद्धिदै जयप्रकाश नारायण, आचार्य नरेन्द्र देव र डा. राम मनोहर लोहियाले 'कांग्रेस सोशलिस्ट पार्टी'को स्थापना सम्वत् १९९० को हिउँदमा गरेका थिए । जय प्रकाशसँगको त्यसताकको परिचय जीवनपर्यन्तको मित्रताको रूपमा विकसित हुँदै गयो र यसका साथै समाजवादप्रतिको उहाँको चाख पनि बढ्दै गयो । यो कुरा धेरैलाई थाहा छैन कि बिपी कांग्रेस सोशलिस्ट पार्टीको पनि एक



सम्मानननीय विश्वासिलो सदस्य हुनुहुन्थ्यो र यस सदस्यताजन्य सक्रियताको अन्त सम्वत् २००४ मा नेपाली कांग्रेसको स्थापनापछि मात्र भएको हो । यहाँ भनाइको तात्पर्य के हो भने कांग्रेस समाजवादीहरूको मित्रताका कारणले बिपीको मनमा बसिसकेका खण्डमा नेपालमा पनि समाजवादको स्थापना गर्ने इच्छा २००४ सालभन्दा अघि नै जन्मिसकेको हुनपर्दछ ।

यद्यपि उहाँभन्दा अघिको पुस्ता जसले टंकप्साद आचार्यको नेतृत्वमा प्रजापरिषदको स्थापनाका लागि आफूलाई उत्सर्ग गरिसकेको थियो–लाई पनि नियतिले गर्दा तत्कालीन महाराज श्री ३ जुद्धशमशेर जबराले 'नीच जातका हिन्दुस्तानका सोशलिस्टहरूसँग मिली' नेपालमा आन्दोलन गर्ने आरोप खुला न्यायलयमा लगाएका थिए–तथापि नेपाली कांग्रेसको जति सम्पर्क र आत्मीयता भारतका सोशलिष्टहरूसँग थियो त्यतिचाहिँ प्रजापरिषदको थिएन ।

**प्रजातन्त्र र समाजवाद**

पौष १, २०१७ सालको दुर्घटनापछि बिपी यस निष्कर्षमा पुग्न बाध्य हुनभयो कि प्रजातन्त्रको अभावमा समाजवादको स्थापनाको त के कुरा साधारण विकाससम्म हुन सक्दैन । यही समय मार्क्सवादको अर्थसम्बन्धी केही रूढी पक्षसँग पनि उहाँको मतभेद हुन थाल्यो र ठूला ठूला उद्योगहरूका सट्टा सानो र सजिलो प्रविधि र कम पुँजकी उद्योगद्वारा मुलुकको आफ्नै कच्चा पदार्थमा आधारित कारखानाको उपयोगिता र ग्राहयतालाई उहाँले स्वीकार गर्न थाल्नुभयो । यसलाई भाइ प्रदिप गिरिले बिपीको विचारको फितलोपन सम्झेका छन् । यो कुरो होइन । यो उहाँको लामो यात्राको विकासको परिणाम हो जो शुभ र प्रमाणिक दुवै छ । प्रदिप गिरिको निराशा यस कारणले हो कि उहाँले बिपीलाई कुनै समयमा सर्वगुणसम्पन्न एक पुरूषोत्तमका रूपमा हेर्नु भएको थियो । यो असम्भव छ । हाम्रा अवतारहरूमा पनि प्रगति र विकास देखिएको छ भने बिपीमा यसको अभाव के गरि हुनसक्दछ ? तर, यहाँ एउटा कुरा छुटेछ । त्यो के भने पार्टीभित्र पनि समाजवादबारे समान दृष्टिकोण थिएन ।

**बिपी विचारको मान्यता**

बाँकी ४ पेजमा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा

# स्थानीय तह विकासमा सहकारीको भूमिका कति ?

वर्तमान संविधानले हरेक नेपालीलाई सामाजिक न्याय, सामाजिक सुरक्षा, सम्मानपूर्वक बाँच्न पाउने, छुवाछूत र विभेदविरुद्ध, खाद्यसम्बन्धी, बसोबासको हक गरि विभिन्न धारामा विभिन्न हकबारे प्रष्टसँग व्यवस्था गरेको छ । संविधानमा यसरी व्यवस्था गरिएअनुसार हरेक नेपालीले हरेक क्षेत्रमा समान अवसर पाउनु पर्ने देखिन्छ ।

तर, सदियौदेखि जात, वर्ग र लिंगका आधारमा हुने भेदभाव कायम छ । यसले प्रष्ट रूपमा संकेत गर्छ, समुदायका विभिन्न जातजाति र भाषाभाषीलाई समुदायमै एकत्रित गरि उनीहरुलाई समान व्यवहारको अनुभूति नदिलाएसम्म यो विभेद कायम हुन्छ । आर्थिक रूपले सम्वृद्ध नभएसम्म कुनै पनि व्यक्ति समुदायमा सबै सरह भएर रहन मुस्किल पर्छ ।

अन्याय, अत्याचार, थिचोमिचो, असमानता जस्ता सबै कुरा शिक्षा र आर्थिक पाटोसँग जोडिएका विषय हुन् । जबसम्म चेतना हुँदैन तबसम्म आँफू सही छु-छैन यकिन गर्न सकिँदैन । अनि आर्थिक रूपमा सक्षम नभएसम्म सबै क्षेत्रमा उपस्थिति जनाउँन सकिँदैन । उदाहरणमा, अहिले पनि कतिपय समाजमा साहु महाजनकोमा चर्को ब्याजदरमा ऋण लिने चलन छ । पछि ऋण तिर्न नसक्दा सम्पत्ति साहुमहाजनले नै हडप्ने गरेको यथार्थ हामीमाझ छ ।

जब कुनै समाजमा कुनै एक व्यक्ति हाबी हुन्छ, त्यहाँ प्रजातान्त्रिक अभ्यास पटक्कै हुन सक्दैन । जब प्रजातान्त्रिक अभ्यास हुन पाउँदैन त्यहाँ विभेदका विभिन्न रूप देखन पाईन्छ । प्रजातान्त्रिक अभ्यास भएको समाजमा न्याय हुन्छ र सबैले अवसर उपयोग गर्न पाउँछन् । नेपालीमा एउटा चल्तीको उखान छ, 'एकले थुके सुकी, सयले थुके नदी ।'

प्रजातान्त्रिक व्यवस्थाका लागि यो भन्दा गतिलो उदाहरण अरु के हुन सक्ला र ? यसरी साझा अवधारणा लिएर सबैलाई समेट्दै जाने हो भने सबैको समान पहुँच पुग्छ । यसले दिगो विकासको लागि पनि महत्वपूर्ण भूमिका निर्वाह गर्छ । दिगो विकासका लागि सामुहिक प्रयास र नेतृत्व अहिले अपरिहार्य विषय हुन् ।

सामूहिक भावनाअनुसार नै सहकारी संस्थाहरु स्थापना भएका छन् । यसको गतिलो उदाहरण नवलपरासीस्थित सहकारी बनेको छ। केही समयअघि २६ जनाले ५० पैसाबाट सुरु गरेको सहकारीले अहिले दुई अर्बको कारोबार पुर्याएको छ । २५ वर्षअघि सुरु भएको सहकारीमा हाल २० हजार सदस्य छन् भने सदस्यहरूमध्ये ५४ प्रतिशत महिला र ४६ प्रतिशत पुरुष छन् । जसमध्ये करिब ६ सय जना त सकुम्बासी मात्रै छन् ।

**पालिका बहस**

**जयराम सिग्देल**



यो त एउटा उदाहरण हो । यसरी सहकारीले विभिन्न क्षेत्रमा सबैलाई समान अवसर, लगानी र बचतको सुविधा दिईरहेका छन् । यसबाटै दिगो विकासको मार्ग खोल्न सकिन्छ । संयुक्त राष्ट्र संघको १ सय ९३ सदस्य राष्ट्र सम्मिलित सन् २०१५ को सेप्टेम्बरको ऐतिहासिक राष्ट्र संघीय साधारण सभाको शिखर सम्मेलनले सन् २०३० सम्ममा १७ बुँदे र १ सय ६९ सहायक लक्ष्यहरूको कार्यसूची तयार गरेको छ ।

दिगो विकासको उद्देश्यले २०१६ देखि लागू गरिएको उक्त कार्यसूचीले ती विशाल लक्ष्य हासिल गर्न अठोटका साथ अघि बढिरहेका छन् । यसरी हेर्दा सामुहिक अभ्यास र प्रयत्नबाट मात्रै दिगो विकास लक्ष्य सम्भव देखेको राष्ट्र संघले पनि सहकारी र सहकार्यलाई प्राथमिकताका साथ राखेको छ । हाम्रो जस्तो विकासको धिमे गतिमा अघि बढिरहेको राष्ट्रका लागि सरकार, निजी क्षेत्र र सहकारीको मार्फत विकासका योजनाहरु कार्यान्वयन गर्ने हो भने दिगो विकासको लागि अन्य कुराहरू आवश्यक नपर्न सक्छन् ।

हामी कहाँ देखिएको विभेद पनि कुनै न कुनै रूपमा आर्थिक पक्षसँग जोडिएकै छन् । अर्थिक रूपले सम्पन्न समुदायको अध्ययन गर्ने हो भने त्यहाँ विभेद निकै कम हुने पाइन्छ । ग्रामिण क्षेत्रमा देखिएका समस्याको समाधान गर्न समुदायका मान्छेलाई सक्रिय बनाइ उनीहरूकै जीवनस्तर उकास्ने खालका योजना कार्यान्वयन गर्नु महत्वपूर्ण कुरा हो । जबसम्म व्यक्ति आर्थिक रूपले सबल हुँदैन तबसम्म ऊ 'समान' का हैसियतमा पुग्नै सक्दैन ।

राष्ट्र संघले लिएको गरिबीका सबै स्वरूप समाप्त पार्ने लक्ष्य उसले ठूलो चुनौतीका रुपमा लिएको छ । वृहत लक्ष्य भए पनि यो सरकार, निजी क्षे त्र वा सहकारी एक्लैले सक्ने विषय होइन । यी तीनै पक्षको साझा प्रयासबाट भने यो सम्भव प्रायः हुन सक्छ । समाजका विभिन्न विभेद वा असमानता अन्त्य गर्न सहकारी संस्थामा आवद्ध सदस्य, संचालक समिति, लेखा समिति, विभिन्न उप समितिका सदस्यहरू सक्रिय रूपले लाग्नुपर्ने देखिन्छ । न्यून आय भएका तथा पिछडिएका वर्ग निम्ति साबमूहिक लगानी गरि आयस्तर विकास हुने र सहकारीले संचालन गर्ने हरेका क्रियाकलापमा सहभागी गराउने हो भने उनीहरूमा अपनत्वको भावना जागृत हुने देखिन्छ । जसले गर्दा समूहका हरेक व्यक्तिको क्षमता, योग्यता र प्रतिभा पहिचान भई सो क्षेत्रको दिगो विकासमा कसले के योगदान गर्नसक्छ भन्ने यकिन भइ सामाजिक हीतको कार्य सुरू हुन पुग्छ ।

सिंहदरबारको अधिकार स्थानीय स्तरमा पुगेको भनिएको छ भने स्थानीय स्तरमा मिजेका व्यक्ति नै यसको कार्यान्वयन तहमा छन् । यसरी जनप्रतिनिधीले स्थानीय तहमा भएका स्रोतसाधन, मानवशक्तिको समुचित उपयोग गरि सहकारीताको माध्यमबाट समुदायमा आधारित विकासका योजना तय गर्दा दीर्घकालीन योजना कार्यान्वयन हुन सक्ने आधार देखिएका छन् ।

*सेतोपाटीबाट*

## जग्गा ...

वञ्चित हुन्छन् । सर्पले डसेका दलमेका टिकुली तामाङ, टकसरी राई, अम्बासका सुनसरी राइ लगायत ती भेगका सात जनाले समयमा उपचार नपाउँदा ज्यान गुमाइसकेका छन् । अम्बासकी निर्मलासिंह राजपुतले भनिन् 'जटिल खाले बिरामी पर्दा बाँच्ने आशै राख्दैनौं ।'

विकास पूर्वाधारमा पछाडि ती गाउू छूदैछन् वडावासीसुग भावनात्मक सम्बन्धसमेत विकट भएकै कारण हुन नपाएको स्थानीयले सुनाए । सर्लेअम्बासबाट मड्यान गाउू पुग्न तीन घन्टा पैदल हिड्नुपर्ने भएकाले पनि भावनात्मक सम्बन्ध हुन गाह्रो भएको जनक परियारको भनाइ छ । अधिकांश मकै, कोदो उब्जनी गरी ती वडाबासी गुजारा चलाउँछन् । केही समथर स्थानमा मात्रै धान खेती हुन्छ ।

धनगढीमाई र लहान नगरपालिकामा पर्ने ती वडामा माध्यमिक विद्यालय समेत छैन । जसका कारण बालबालिका चार घन्टा पैदल हिडेर माध्यमिक शिक्षा लिन बाध्य छन् ।

**खोलाको पानी पिउन बाध्य**

विकट चुरे क्षेत्र मड्यान, चट्टान, लगायत एक दर्जन गाउँका वासिन्दा खोलाको पानी पीउन बाध्य छन् । खोलामा बाढी आउँदा धमिलो पानी पिउँन बाध्य हुन्छन् । खानेपानीको वैकल्पिक व्यवस्था धाराहरु जडान नहुदा जीवन बचाउनका लागि भएपनि ती क्षेत्रका वासिन्दा खोलाको पानी पीउन वाध्यता भएको सुनाउँछन् ।

उत्तरवर्ती विकट चुरे क्षेत्रमा अवस्थीत ती गाउमा १५ हजार भन्दा बढी जनसंख्याको बसोवास छ । अधिकांश मगर, राई, तामांग, सुनुवार समुदायको वसोवास रहेको ती क्षेत्रका एक दुई स्थानमा गैरसरकारी संस्था र तत्कालिन गाविस अनुदानमा खोला किनारमा इनार निर्माण गरिएको थियो ।

## बिपी महानताका ...

छ त्यो थाहा पाएर मेटाउन सके प्रजातान्त्रिक परिपाटी कायम हुन सक्थ्यो कि ?' भन्ने कोइरालाजीको पछिसम्म पनि सोचाइ थियो । राजा महेन्द्रप्रतिको यो धारणा र वस्तुस्थितिको विश्लेषण कोइरालाजीको ठीक रहेछ भन्ने हामीले त्यसबेला ठान्यौं, जब हाम्रा बाहिरका साथीहरुले हतियार बन्द गरिसकेका थिए, स्थिति नर्मलजस्तै थियो । तर त्यहीबेला एक दिन कोइरालाजीसित भेट्न ब्रिटिस राजदूतलाई सुन्दरीजल बन्दीगृहमा नै पठाइयो ।

राजदूतले कोइरालाजीसित भने, 'सम्पूर्ण प्रजातान्त्रिक अधिकार उपभोग गर्न दिइने सिर्फ केही समयसम्म मात्र पार्टी खोल्न नपाइने र नाम भने सबै तहमा पंचायत नै राखिने, यसलाई तपाईहरूले समर्थन गरेर छुटनुपर्‍यो ।' कोइरालाजीले भन्नुभयो, 'हामी त जेलभित्र छौं । क्रान्ति गर्ने साथीहरू देशबाहिर छन् । उनीहरूसित नसोधी हामी केही भन्न सक्दैनौं । तसर्थ या त केही दिनभित्रै फेरि फर्कने कागज गराएर हामीमध्ये कसैलाई निर्वासनमा रहेका साथीहरूसित भेट्न पठाइयोस् वा बाहिरका साथीहरूमध्ये हामीले भनेका एक-दुईजनालाई यहाँ आउन र फेरि फर्कन जान पाउने व्यवस्था होस्, अनि मात्र यससम्बन्धमा हामी निश्चित जवाफ दिन्छौं ।'

कोइरालाजीलाई जनतामाथि ठूलो विश्वास र भरोसा थियो । २०१६ सालमा हाम्रो पार्टीको सरकार बन्यो । निर्वाचित सरकारको गठन भइसकेपछि झन् जनताहरू जे कुरामा पनि विरोध गर्न थाले । बिर्ता-उन्मूलनको पनि विरोध, मोहियानी हकको सुरक्षासम्बन्धमा पनि विरोध । त्यसैले मैले एक दिन कोइरालाजीसित भने, 'हामी झन जनताकै हितका निमित्त काम गरिरहेका छौं, हामीहरूले उनीहरूबाट सहयोग पाउनुको सट्टा झन् उल्टै हरेक कुरामा उनीहरू विरोध मात्र गर्छन् । यी जनतालाई पनि के भन्ने ?'

कोइरालाजीले भन्नुभयो, 'गणेशमानजी ! यो विरोधलाई हामीले नकारात्मक रूपले हेर्नुहुन्न । हामी आफ्नै घरको कुरा लिउँ । कुनै उपरियासँग त हामी खान-लाउन पाएनौं भन्दैनौं, रून्-कराउनु गर्दैनौं । तर आफ्नी आमासित भन्छौं । हामीलाई आफ्नो ठानेर उनीहरू विरोध गर्छन् । विरोधको सुनुवाइ हुन्छ भन्ने विश्वास उनीहरूलाई छ ।'

कोइरालाजीको यो भनाइ मलाई पनि होजस्तो लाग्यो । यो उहाँको जनताप्रतिको ठूलो विश्वास र भरोसाको उद्‌गार थियो । (*साभार :राजधानी साप्ताहिक, बिपी विशेषांक*)

## बिपी कोइराला ...

डाँगेले सम्झाएका किशोर बिपी काशी विश्वविद्यालयका होस्टलको कोठामा जयप्रकाशसँग छलफल गर्ने भइसकेका थिए भने नेपाली कांग्रेसका संस्थापक बिपी अब ठूला-ठूला राजनेताहरूसँग बसि विश्वका समस्याहरूबारे आफ्नो स्वतन्त्र मन्तव्य प्रकट गर्ने अवस्थामा पुगिसक्नु भएको थियो । २०३३-०३४ सालताका अमेरिकामा ओखती गर्न जाँदा ठूला-ठूला सेनेटर राजनेता र पत्रकारहरू उहाँका कुराहरू आश्चर्यपूर्ण स्वीकारोक्तिका साथ सुन्दथे । युरोपमा त झन उहाँको विचारको बढी कदर हुन्थ्यो र सबैले आदरसाथ उहाँको तर्क सुन्दथे । दिल्लीको उहाँप्रतिको स्नेह अतुलनीय थियो । त्यहाँको अस्पतालमा होस वा एयरपोर्टमा जहाँसुकै मन्त्री र नेताहरूको घुँइचो हुन्थ्यो ।

'एसियालीइ-पैसिफिक, समाजवादी सम्मेलनमा सिडनीमा ईस्वी सन् १९८१ म बिपीले विस्तृत रुपमा एसियाका सन्दर्भमा प्रजातान्त्रिक समाजवादबारे आफ्नो विचार राख्नुभयो । नेपालको उदाहरण दिएर उहाँले भन्नुभयो कि राजा महेन्द्रको वास्तविक धारणा थियो कि निरंकुश शासन व्यवस्थामा बढी विकास सम्भव छ । तर, त्यसो भएन । जबसम्म जनतालाई विकासको लक्षतिर आकर्षित गर्न सकिँदैन । तबसम्म यो सम्भव छैन । निरंकुश व्यवस्थामा ठूला-ठूला पदाधिकारहरूको निहित स्वार्थ मात्र तयार हुन्छ ।

**क्रान्तिको उद्देश्य : भोजन, अधिकार र न्याय**

अन्तरिम र पंचम प्रतिस्थापनामा उहाँले पुन : हेनरी फोर्डलाई विकासबारे आफ्नो आदर्श नबनाउने चेतावनी सबै विकासशील देशहरूलाई दिनुभयो । रूसी क्रान्तिबारे उहाँले भन्नुभयो कि एउटा नयाँ बाटो देखाउनको सट्टा त्यहाँका नेताहरूले पनि विकासबारे अमेरिकालाई नै आदर्श माने । रूसी क्रान्तिको कारण केवल खानाको कमी मात्र नभई सामाजिक न्याय र मौलिक हकको प्राप्ति पनि थियो । *साभार : राजधानी साप्ताहिक, बिपी विशेषांक वर्ष १ अंक २८*

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोऔं । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोऔं । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोऔं । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यु यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)